**परिच्छेद ५**

**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**

**परियोजना कार्यान्वयन म्यानुअल**

**Project Implementation Manual (PIM)**

**( पेज नं. ४२ ५.१)**

## ५.१ प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन म्यानुअल

**५.१.१ परिचय:** प्राविधिक शिक्षालयमा कृषि विषय अध्ययनरत विद्यार्थीहरुको अध्ययनसँगै उद्यमशीलता विकास गरी भविष्यमा दक्ष प्राविधिक उत्पादन गर्ने एवं व्यवसायी बनाई रोजगारी सृर्जना गर्न प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गरिनेछ।

**५.१.२ उद्देश्य:** प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालनको उद्देश्य देहाय बमोजिम रहेको छः-

(क) विद्यार्थीहरुमा प्राविधिक सीप एवं उद्यमशीलताको विकास गर्ने,

(ख) प्राविधिक शिक्षालयलाई सिकाइ र स्रोत केन्द्रको रुपमा विकास गर्ने,

(ग) अध्ययनरत विद्यार्थीलाई अध्ययन खर्च जुटाउन सहयोग पुऱ्याउने।

**५.१.३ कार्यक्रम सञ्चालन गर्न सकिने व्यवसायिक क्षेत्रहरु**

(क) तरकारी खेती

(ख) माछा पालन

(ग) कुखुरा पालन

(घ) बाख्रा पालन

(ङ) च्याउ खेती

(च) हाँस पालन

(छ) मौरीपालन

(ज) अन्न बाली

(झ) नर्सरी

(ञ) कृषि, पशुपन्छी तथा मत्स्यका आधारभूत प्रयोगशाला सेवा

(ट) स्थान विशेषका अन्य बाली/वस्तु

**५.१.४ प्राविधिक शिक्षालय छनौटका आधारहरु:** प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालनको लागि प्राविधिक शिक्षालय छनौटका आधारहरु देहाय बमोजिम हुनेछ:-

(क) व्यवसायिक कृषि उत्पादनको लागि बाली/वस्तु विशेषका लागि आवश्यक जग्गाको न्यूनतम क्षेत्रफल उपलब्ध भएको

(ख) जग्गा आफ्नै स्वामित्वमा भएको वा कम्तीमा ५ वर्षको करार सम्झौता भएको

(ग) नवप्रवर्तन अवधारणालाई प्रवर्द्धन गर्ने प्रकृतिको प्रस्ताव

(घ) विद्यार्थीको प्रतिवद्धता र सहभागी हुने विद्यार्थी संख्या

(ङ) विद्यार्थी छनौट प्रक्रिया, उत्पादन तथा बिक्री योजना र प्रतिफल वितरण प्रक्रिया समेत उल्लेख भएको

(च) कम्तिमा २५ प्रतिशत लगानी गर्ने शिक्षालयको प्रतिवद्धता

**५.१.५कार्यक्रमलाई प्रोत्साहन गर्न परियोजनाले उपलब्ध गराउन सक्ने सुविधा:** प्राविधिक शिक्षालयसँगको सहकार्यमा व्यवसायिक कृषि उत्पादन कार्यक्रम संचालनको लागि प्राविधिक शिक्षालयलाई देहाय बमोजिमको सुविधा उपलब्ध गराउन सक्नेछ:-

(क) कृषि पूर्वाधार निर्माण,

(ख) कार्यक्रम सञ्चालन हुने क्षेत्रमा बीउ, विषादी, सुक्ष्म तत्व, कृषि औजार आदिमा अनुदान उपलब्ध गराउने,

(ग) उत्पादित कृषि उपजको बजारीकरणमा सहयोग पुऱ्याउने।

**५.१.६ व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालनका चरण**

तालिका ८: व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालनका चरणहरु

| **क सं** | **चरणहरु** | कार्य | जिम्मेवारी |
|---|---|---|---|
| क | इच्छुक प्राविधिक शिक्षालयसँग आवेदन माग | सार्वजनिक सूचना प्रकाशन गर्ने | परियोजना कार्यान्वयन इकाई |
| ख | इच्छुक प्राविधिक शिक्षालयले आवेदन पेश गर्ने | इच्छा आवेदन पेश गर्ने | प्राविधिक शिक्षालय |
| ग | इच्छुक आवेदक शिक्षालयको यथार्थ वस्तु स्थिति विश्लेषण (माग र आवश्यकता पहिचान) | स्थलगत फिल्ड सर्वेक्षण | परियोजना कार्यान्वयन इकाई |
| घ | व्यवसायिक कृषि उत्पादन कार्यक्रम सञ्चालन गर्ने प्रक्रिया | मूल्याङ्कन, छनौट र जानकारी | प्राविधिक समिति र परियोजना कार्यान्वयन इकाई |
| ङ | सहभागितात्मक ब्यवासायिक कृषि उत्पादनको आवधरणा पत्र तयार | ब्यवसाय, विद्यार्थी छनौट, लागत अनुमान र कार्य योजना तयार गर्ने | प्राविधिक शिक्षालय र परियोजना कार्यान्वयन इकाई |
| च | लागत साझेदारी र आम्दानी बाँडफाँड | मापदण्ड तयार गर्ने | प्राविधिक शिक्षालय र परियोजना कार्यान्वयन इकाई |
| छ | कार्य सम्झौता | सम्झौता पत्र तयारी र हस्ताक्षर गर्ने | प्राविधिक शिक्षालय र परियोजना कार्यान्वयन इकाई |
| ज | कार्य सम्पन्न प्रतिवेदन तयार | प्राविधिक | प्राविधिक शिक्षालय र परियोजना कार्यान्वयन इकाई |
| झ | अनुगमन तथा मुल्याङ्कन | मुल्याङ्कनका सूचक तयार गरी अनुगमन मुल्याङ्कन गर्ने | परियोजना कार्यान्वयन इकाई |

**५.१.७ दिगोपना:** परियोजना कार्यान्वयन इकाईले सम्बन्धित शिक्षालयको मुल्याङ्कन गरी आवश्यकताका आधारमा स्वीकृत बजेटको परिधिभित्र रही दुई वर्ष सम्म कार्यक्रम सञ्चालन गर्न सक्नेछ। कार्यक्रमको दिगोपनाका लागि आम्दानीको २० प्रतिशत रकम छुट्टै कोष स्थापना गरी तेस्रो वर्षदेखि शिक्षालयले नै यस कार्यक्रमलाई निरन्तरता दिनुपर्नेछ।